# एक धर्ती एक आकास

– स्वामी आनन्द अरुण

परमात्माले हामीलाई बाँच्न एक धर्ती र एकै आकास दिएको छ जसमा कुनै विभाजनको सीमा रेखा छैन । हामीले कागजको नक्सामा कृत्रिम रुपमा देशका सीमा रेखाहरू कोरेका छौं । ती अप्राकृतिक हुन् र त्यसलाई मनुष्य बाहेक प्रकृतिमा अरु कसैले मान्दैन । मनुष्यले पनि शासनको भयले बाध्यतावश मान्नुपर्छ । त्यसैले मौसममा दूर साइबेरियाका चराहरू विना भिसा चितवन आइपुग्छन्, सुन्दरवनका बाघ विना पासपोर्ट बंगलादेश गइदिन्छन्, पाकिस्तानका जंगली जनावर भारत छिर्न अनुमति माग्दैनन् । जुन स्वतन्त्रता जनावरहरुलाई सहजै प्राप्त छ त्यसबाट पनि हामीले आफैलाई आफैले बञ्चित गराएका छौं ।

जब मानिस आदिम युगबाट कृषि युगमा प्रवेस गर्‍यो, यस युगको उदयसँगै मानिसले आफ्नो सुरक्षा र सहयोगका लागि विस्तारै समूह र उपसमूहरूको निर्माण गर्‍यो । त्यही समूहहरूमा विस्तारै महत्वकांक्षी र शक्तिशाली व्यक्तिहरूले अरुलाई पनि संगठित गरी आफ्नो क्षेत्रको सीमा कोर्ने र त्यसलाई विस्तार पनि गर्ने कोशिसमा राज्यहरूको निर्माण गरे । यो विस्तारवादी मनोवृत्तिको अन्त कहिल्यै भएन जसले गर्दा विगत ३ हजार वर्षमा करिब ५ हजार युद्ध भएका छन् । करोडौं मानिसहरू मरेका छन्, कति धनको क्षति भयो, लेखाजेखा छैन ।

विगत शताब्दीहरूमा पश्चिममा विज्ञानको द्रुत गतिमा विकास शुरु भयो । यो विकासले युद्ध क्षमतालाई सामूहिक विनासको साधन बनाइदियो । राज्यसँग विध्वंस गर्ने डरलाग्दो क्षमता आइपुग्यो । जसले गर्दा विगत शताब्दीमा दुइटा महायुद्ध भए । पहिलो महायुद्धपछि पश्चिममा एक किसिमको नयाँ सोच उब्जियो । आपसी सहयोग, शान्ति तथा सह-अस्तित्व बिना पुरानै शैलीमा अब विश्व चल्न नसक्ने देखेपछि विश्वलाई युद्ध विभिषिकाबाट बचाउन तथा आपसी सद्भाव, मेल तथा सहयोगका लागि जनवरी १०, १९२० मा ‘लिग अफ नेसन’ को स्थापना भयो तर सन् १९३३ मा जर्मनी र जापानले यसबाट आफूलाई अल्याई युद्धको तयारी शुरु गर्नथालेपछि यो संगठन लड्गडियो । यसले आफ्नो उद्देश्यअनसार कार्य गर्न नपाउँदै दोस्रो विश्व युद्ध शुरु भयो । यस युद्धमा ७ करोड २० लाख मानिस मरे र करोडौं अपांग भए । असीमित धनजनको क्षति भयो । अब उप्रान्त युद्ध रोक्ने सामुहिक प्रयास गरिएन भने हाम्रो कुनै भविष्य छैन भन्ने लागेर ५१ राष्ट्रले यसको बडापत्रमा हस्ताक्षर गरी २४ अक्टोवर १९४५ का दिन संयुक्त राष्ट्रसंघ स्थापनाको औपचारिक घोषणा गरे । अहिले संसारका १९१ राष्ट्र यसका सदस्य भइसकेका छन् । तर संयुक्त राष्टसंघसँग कुनै स्थायी सेना र कार्यकारी शक्ति नभएकोले मिचाहा प्रवृतिवालाहरू यसलाई खाली एउटा वादविवाद गर्ने क्लबका रुपमा मात्र हेर्छन् र यसबाट डराउँदैनन् ।

यसै बीच विज्ञानले अतिसंहारक शक्ति राजनीतिज्ञहरूको हातमा दिएको छ । गरिबी र भोकमरीको मारमा परेको उत्तर कोरिया, विकोसोन्मुख देसहरू भारत, पाकिस्तान पनि आणविक बम जम्मा गर्ने होडमा लागेका छन् । इजराइल, इरान जस्ता अनेकौं राष्ट्र पनि यसैबाटोमा उन्मुख छन् । यो सुन्दर पृथ्वीलाई सयकडौं चोटि नष्ट गर्नसक्ने आणविक हातहतियारहरू केही राष्ट्रको हातमा परिसकेको छ । अब

यिनीहरूका बीचमा कुनै अर्को युद्ध भयो भने यो कति भयाभह हुनेछ कसैले अनुमान लगाउन सक्दैन । एकैछिनको तनाव, गलत सुचना या निर्णयले यो पृथ्वी एकपलमै जीवनविहिन मरुभूमिमा परिणत हुनेछ र अहिलेसम्म हामीले अर्को कुनै यस्तो ग्रह प्रमाणिक रुपले खोज्न सकेका छैनौं जहाँ जीवन होस् । यसरी पुरै ब्रह्माणलाई नै जीवनशून्य बनाउँने विनासकारी हतियारहरू सामान्य बुद्धीका र निरन्तर मनोवैज्ञानिक तनावमा बाँच्ने करुणाहीन राजनीतिज्ञको हातमा छोड्नु अत्यन्त खतरापूर्ण छ ।

सूचना प्रविधिको क्षेत्रमा भइरहेको क्रान्तिकारी विकासले समस्त विश्वलाई एक गाउँमा परिणत गरिदिएको छ र हाम्रो जीवनका सम्पूर्ण पक्ष विस्तारै कम्प्युटर आधारित हुँदैगइरहेका छन् । यो खतरा छ कि एउटा सानो आतंककारी समूहले पनि राष्ट्रकै सुचना व्यवस्थालाई जाम गरिदियो भने संसारकै जीवन पुरै अस्तव्यस्त हुन जान्छ । त्यसकारणपनि अब हामी कुनै पनि जातिय, क्षेत्रिय या राष्ट्रिय थिचोमिचो अथवा वैमन्स्यता झेल्ने स्थितिमा रहेनौं ।

मनुष्यको अचेतनमा यति क्रोध, हिंसा, घृणा र बेचैनी जम्मा हुनथाल्छ कि त्यसको निस्कासनको लागि उसले परिवार र समाजमा गर्ने सानातिना युद्ध बाहेक हरेक २०-२५ वर्षमा एउटा सामुहिक विध्वंसको ठूलो युद्ध गर्नुपर्छ । आणविक शक्तिको भयले तेस्रो विश्व युद्ध अहिलेसम्म त टर्ल्दै गएको छ तर यो क्रोध र हिंसाले आतंकवाद र त्यसलाई दबाउने लडाईंको नयाँ रुप लिई आफ्नो निष्कासन खोज्दैछ । सबै राष्ट्र एक अर्कासँग भयभित छन्, त्यसैले असीमित साधन, स्रोत खन्याउँदै सैनिक क्षमता बृद्धी गरी एक अर्कालाई पनि अझ भयभित पारिरहेका छन् । गरिब देखि गरिब राष्ट्र जसले आफ्ना नागरिकलाई खानेपानी, शौचालय तथा आधारभूत शिक्षा र स्वास्थ्य दिन सक्दैनन्, तिनीहरू पनि फाइटर प्लेन, ट्यांक, पन्डुवी किन्न आतुर छन् र तिनका गरीब जनताले तिरेको बजेटको ठूलो भाग त्यसमा खर्च गरिरहेका छन् । आज विश्वको सैनिक खर्च करिब १२ सय अर्ब डलर पुगिसकेको छ । नयाँ युद्ध कलाकौशल प्रविधिको गोप्य विकास, जासुसीका लागि हुने खर्च र अन्य अप्रत्यक्ष सौनिक खर्चहरू यसमा समावेश छैनन् । यो १२ सय अर्ब डलरको लगभग आधा भाग अमेरिका एक्लैले खर्च गर्छ र त्यही अनुपातमा विश्वमाथि आफ्नो हैकम र रवाफ देखाउन पछि पर्दैन । प्रविधि यति तिव्रताले विकसित भइरहेको छ कि ५, १० वर्ष भित्रै पुराना अस्त्रहरू समय बाह्य र काम नलाग्ने भइदिन्छन् । ती पुराना अस्त्र थन्काउन पनि गाऱ्हो भएकाले गरिब, अविकसित राष्ट्रहरूलाई भिडाउन जरुरी हुन्छ । त्यसको खपतबजारका लागिपनि विश्वका अनेक स्थानहरूमा अस्थितरता, अशान्ति, असुरक्षाको वातावरण निरन्तर बनाइराख्नु युद्धसामाग्री निर्यातकहरुलाई आवश्यक पर्न जान्छ ।

यी कुराहरूलाई हृदयंगम गर्दा अब क्षुद्र राष्ट्रिय स्वार्थ लिएर अलगथलग भएर बाँच्ने दिनहरू समाप्त भइसकेजस्तो लाग्छ । विज्ञान र प्रविधिको हिसाबले विश्व एक भइ नै सकेको छ । अब यसलाई राजनेता र धर्मगुरुहरूको संकिर्णताले मात्र एक हुनबाट रोकिराखेको छ । यस दिशामा सबैभन्दा उत्साहपूर्ण घटना युरोपियन युनियनको गठन हो जसमा युरोपका २७ राष्ट्रहरू सामेल भई आफ्नो भौगोलिक, व्यापारिक र आर्थिक ढोका एक अर्काका लागि खोलिदिएका छन् । व्यक्तिगत रुपले म यसलाई विश्व राजनैतिक इतिहासको सबैभन्दा ठूलो उत्साहपूर्ण शुभघटना मान्छु किनभने यसले भविष्यमा सारा संसारलाई एक हुन सक्ने संभावना बनाइदिएको छ । यसैको प्रेरणाले १० देशको समूह आसियान, ८ देशको सार्क, १२ राज्यहरूको स्वतन्त्र संघ सि. आइ. एस. को गठन भएको हो । यसबाट के बुझिन्छ भने यो धारणा

मनुष्यको अवचेतनमा पसिरहेको छ कि अब संगठित भएर संयुक्त रुपमा बाँच्न मै हाम्रो भविष्य छ, अति राष्ट्रवादी विचार लिई एक्लिएर बस्ने दिन गइसके । ओशो र जे. कृष्णमूर्ति त राष्ट्रियतालाई नै युद्ध र विभाजनको मुख्य कारण र जातिवाद कै अझ परिष्कृत र खतरनाक रुप मान्छन् । अहिलेसम्मको विश्व इतिहास हेर्ने हो भने सबै तानाशाहहरूले राष्ट्रियता कै आडमा र उग्रवादीहरुले जातिवादका नाममा ठूला हिंसा र नरसंहारहरु मच्चाएको पाइन्छ ।

२१ औं शताब्दीको मनुष्यले सबै संकिर्णताबाट बाहिर निस्की एक विश्व सरकारको निर्माणको लागि अर्को फड्को मार्नु आवश्यक देखिन्छ ।

- त्यस विश्व सरकारमा सबै राष्ट्र एक स्वायत राज्यको रुपमा रहन्छन् । आफ्नो भाषा, संस्कृति र चालचलन अनुसारै जिउँछन् ।
- एक राज्यबाट अर्को राज्यमा आवतजावत गर्न, बिक्रीव्यापार गर्न कुनै बन्देज र अनुमतिको आवश्यकता पर्ने छैन ।
- संयुक्त राष्ट्रसंघलाई बलियो बनाउन हरेक राष्ट्रले आफ्नो सम्पूर्ण सैनिक शक्ति संयुक्त राष्ट्रसंघको शान्ति संस्थापक सेनाको रुपमा समर्पित गरिदिने छन् ।
- अन्तर्राज्यिय सीमा रेखाको सीमांकन र त्यसको सुरक्षाको जिम्मेवारी पूर्णरुपमा संयुक्त राष्ट्रसंघले लिनेछ ।
- एउटै मुद्रालाई सबैले आफ्नो मुद्राको रुपमा स्विकार गर्नेछन् ।
- सबै राष्ट्रले विधार्थीलाई आफ्नो मातृभाषाको अलावा अंग्रेजीलाई सम्पर्क भाषाको रुपमा पढाउने छन् ।
- सेटेलाइट फोनको सेबा सर्वसुलभ र सस्तो बनाउने ताकि एउटै नम्बर लिएर जहाँ बसेरपनि व्यक्ति संसार भरी एउटै दरमा जोसुकैसँग सम्पर्क गर्न सक्नेछ ।
- संसारको सबै सम्पदालाई मनुष्य मात्रको सम्पदा मान्ने र पर्यावरणलाई नबिगारी त्यसलाई अन्तर्राष्ट्रिय सहयोगमा मनुष्यमात्रको लागि विकास गरिनेछ । यस्तो वातावरणमा मात्र नेपालको ८४ हजार मेगावाट बिजुली उत्पादन भई पुरै दक्षिण एसियाको विद्युत संकट समाधान हुनेछ । पानीको भाउमा यहाँ हामीलाई पेट्रलियम पदार्थ सर्वसुलभ हुनेछ । भंसार लाग्नेछैन र अन्य करपनि सामरिक र प्रसाशनिय खर्च घट्दै गएकाले अति न्यून हुँदैजानेछ । त्यसकारण संसारभरीको वस्तुहरू मनुष्यले करिब उत्पादन कै मूल्यमा प्राप्त गर्नेछन् । यसले विश्वको जीवनस्तर एक्कासी उक्लनेछ । गरिबी हाम्रो अतितको एक दुःखद स्मृतिमात्र बनेर बस्नेछ ।

झट्ट हेर्दा यो एक अव्यवहारिक मीठो स्वप्न जस्तो लाग्न सक्छ । राइटबन्धुले आकासमा उडने कल्पनापनि पहिले स्वप्न कै रुपमा देखेको थिए र मनुष्यको चन्द्रमामा पुग्ने इच्छापनि एउटा स्वप्न थियो तर आज यथार्थ भइसकेको छ । मनुष्यले त्यो मात्र सपना देख्छ जसले यथार्थ बन्ने संभावना आफैमा बोकेको हुन्छ । पृथ्वीलाई स्वर्ग बनाउँने सपना सारा विश्वका अनेकौं चेतनशील र संवेदनशील व्यक्तिहरूले देख्दै आएका हुन् । विज्ञान र प्रविधिको निरन्तर विकास र आवणिक युद्धको खतराले यो

सपना यथार्थमा परिणत हुने संभावना बढ्दैगएको छ । आज एक सामूहिक, बुद्धीमत्तापूर्ण र उदार निर्णयले पृथ्वीमा धेरै वर्षदेखि सुल्भिन नसकेका युद्ध, द्वन्द र असमानता सधैका लागि समाप्त हुन सक्नेछन् र पृथ्वी चिरप्रतिक्षित स्वर्ग बन्नसक्छ । यस सन्दर्भमा मलाई यहाँ विट्ल्सका मुख्य गायक जोन लेननको यही भाव बोकेको यो गीत याद आउँछ ।

…….Imagine there's no countries
It isn't hard to do
Nothing to kill or die for
And no religion too…..
……..You, you may say I'm a dreamer
But I'm not the only one
I hope someday you'll join us
And the world will be as one…….